# सार्वजनिक पुस्तकालयको राजनीति ऐतिहासिक सिंहावलोकन

**रमेश पराजुली**

नेपालमा प्राचीन हस्तलिखित सामग्री/पुस्तक (धर्म, दर्शन, तन्त्र, ज्योतिष, साहित्य, आदि विषयका) एवं सरकारी अभिलेख सङ्ग्रह गर्ने मल्ल- शाहकालीन व्यवस्थालाई पुस्तकालयको इतिहासको रूपमा चर्चा हुँदै आएको छ । सन् १८१२ मा पुस्तक तथा सरकारी अभिलेख सुरक्षित राख्न जारी गरिएको लालमोहर पुस्तकालयसम्बन्धी पहिलो कानूनी दस्तावेज मानिन्छ (ज्ञवाली २०५५, क्षेत्री २०६२) । यसअघि सन् १७४० (वि.सं. १८००) को दशकमा कास्की पोखराका पराजुली पण्डितहरूले सम्भवतः आफ्नो र विद्यार्थीजनको प्रयोगका लागि स्थापना गरेको पण्डित पुस्तकालयलाई जनस्तरबाट स्थापित पहिलो ज्ञात पुस्तकालय भनिएको पाइन्छ, तथापि यथेष्ट जानकारी या प्रमाणको अभावमा सो पुस्तकालयको प्रकृतिबारे यसै हो भनेर ठोकुवा गर्न सकिँदैन (रेग्मी २०५५, क्षेत्री २०५९क) ।

उहिलेका त्यस्ता अभिलेखालयहरूलाई पुस्तकालय मान्न सकिएला तर तिनमा साधारणजनको सहज पहुँच नभएकाले ती 'सार्वजनिक' पुस्तकालय थिएनन् । सार्वजनिक शब्द (विशेषण) अङ्ग्रेजीमा प्रयोग गरिने विशेषण 'पब्लिक' को नेपाली पर्यायका रूपमा प्रयोग हुँदै आएको छ । र, सैद्धान्तिक रूपमा आम नागरिक या सर्वसाधारण अधिनस्थ र उनीहरूले निर्वाध रूपमा उपयोग गर्न पाउने भन्ने अर्थमा अङ्ग्रेजी 'पब्लिक लाइब्रेरी' ले बोक्ने अर्थसँग नेपाली सार्वजनिक पुस्तकालयले तादात्म्य राख्दछ । तर यी दुवैको सञ्चालन विधि या संस्थागत स्वरूपमा भने पर्याप्त भिन्नता पाइन्छ । अन्यत्र 'पब्लिक लाइब्रेरी' को सञ्चालन भार केन्द्रीय र अझ स्थानीय सरकारहरूले बोकेका हुन्छन् । हामीकहाँ केही अपवादलाई छोडेर सार्वजनिक भनिने पुस्तकालयहरूको स्थापना र सञ्चालन स्थानीय व्यक्तिहरूकै प्रयासमा भएको देखिन्छ । आङ्ल अमेरिकी पुस्तकालयहरूको इतिहास केलाउँदा प्रयोगमा आएका सार्वजनिक पुस्तकालयका पूर्वस्वरूप सामाजिक या सामुदायिक पुस्तकालय (हेर्नुहोस् शेरा सन् १९६५) सँग हाम्रा अहिलेका पुस्तकालयहरूको स्वरूप मिल्दोजुल्दो देखिन आउँछ । त्यस्तै, हामीकहाँ सार्वजनिक भनिने गरेका कतिपय पुस्तकालयलाई पनि सामुदायिक या ग्रामीण पुस्तकालय भन्ने नगरिएको होइन । अझ कसैले त यसलाई जन पुस्तकालय

*रूपान्तरण: समाज अध्ययन* ३: १-१८ वैशाख २०६३

भनेका छन् (पोखरेल २०३८) । यो लेखमा सार्वजनिक पुस्तकालय कुनै व्यक्ति, समूह वा संस्थाले स्थापना गरेका र साधारणजन या समुदायका प्रत्येकले प्रयोग गर्न सक्ने पुस्तकालय भन्ने अर्थमा र सामुदायिक पुस्तकालयको पर्यायवाचीका रूपमा प्रयोग गरिएको छ ।

सन् १९१५ (वि.सं. १९७२) मा सिराहामा खुलेको पुस्तकालय– जुन केही वर्षमात्रै सञ्चालनमा रह्यो– लाई नेपालको पुरानोमध्येको सार्वजनिक पुस्तकालय भन्न सकिन्छ । यस हिसाबले नेपाली सार्वजनिक पुस्तकालयको इतिहास नौ दशकको भइसके तापनि वर्तमानमा यसको सङ्ख्यात्मक वृद्धि त देखिन्छ तर यसले प्रदान गर्ने सेवा सुविधामा या गुणात्मकतामा भने खासै प्रगति प्रतीत हुन्न ।[1] करिब एक शताब्दीको इतिहास बोकेको नेपालका सार्वजनिक पुस्तकालयको विस्तारक्रमलाई सरसर्ती केलाउँदा यो विभिन्न राजनीतिक कालखण्डमा खुम्चने, फैलने गरेको पाइन्छ । अर्थात राजनीति या राजनीतिक वातावरणसँग सार्वजनिक पुस्तकालयको जीवन या विस्तार सम्बन्धित देखिन्छ; खुला राजनीतिक वातावरणमा यो क्षेत्र मौलाएको छ भने राजनीतिमा अङ्कुश लागेको बेला यो क्षेत्रमा पनि सङ्कुचन देखिएको छ । यसै परिप्रेक्षमा विभिन्न पुस्तकालयबारे उपलब्ध मुद्रित सामग्रीमा आधारित रही सन् १९९० (२०४६ साल) अघिका विभिन्न कालखण्डमा सार्वजनिक पुस्तकालयमा देखिएको विस्तार या सङ्कुचनको चर्चा गर्दै त्यसका कारण केलाउने यत्न यो लेखमा गरिएको छ ।

लेख मुख्यतः चार खण्डमा विभाजित छ । पहिलो खण्डमा राणाकालीन शैक्षिक अवस्थाका साथै उक्त कालखण्डमा स्थापित, सञ्चालित सार्वजनिक पुस्तकालयको चर्चा गरिएको छ । यो कालखण्डमा राज्य ज्यादै स्वेच्छाचारी, निरङ्कुश र तानाशाही प्रवृत्तिको भएकाले त्यसले सार्वजनिक पुस्तकालयमा पनि नकारात्मक प्रभाव पर्नु अस्वाभाविक होइन । दोस्रो खण्डमा सन् १९५१ देखि सन् ६० (सातदेखि १७ साल) सम्मको समयावधि– जसलाई यहाँ खुलाकाल भनिएको छ– मा सार्वजनिक पुस्तकालयको अवस्थितिको चर्चा गरिएको छ । यस समयमा राज्य जनकल्याणकारी रूपमा प्रस्तुत हुन नसके पनि जनहितविरुद्ध नभएकाले स्थानीय प्रयासकै कारण पनि सार्वजनिक पुस्तकालय क्षेत्रमा प्रगति देखिन्छ । तेस्रो खण्डमा सन् १९६० को राजनीतिक परिवर्तनपछि या पञ्चायतकालीन समयमा सार्वजनिक पुस्तकालयको क्षेत्रमा आएको परिवर्तन र त्यसपछाडिका कारण केलाइएको छ । पञ्चायतकालमा शैक्षिक विकासको नारा घन्काइए पनि राज्यको प्रकृति भने राणाकालकै जस्तो भएकाले अन्ततः त्यसले सार्वजनिक पुस्तकालयको क्षेत्र उँधो लाग्यो, जस्को चर्चा, विश्लेषण तेस्रो खण्डमा गरिएको छ । अन्तमा निष्कर्ष प्रस्तुत छ ।

## राणाकाल (सन् १८४६-१९५१)

सन् १७४० को दशकमा सुरु भएको गोर्खाका शासक पृथ्वीनारायण शाहको सैन्य अभियान र सन् १८१६ को सुगौली सन्धिले आधुनिक नेपालको भौगोलिक सीमाना बाँधिदियो (बर्गर्ट सन् १९८४) । यो कालपूर्व यहाँ ठूला शैक्षिक केन्द्र रहेको नपाइए पनि प्राचीन ग्रन्थहरूको ठूलै भण्डार या सङ्ग्रह पाइनुले परम्परागत शिक्षाको अवस्था कमजोर

[1] *गोरखापत्र*मा नेपाल राष्ट्रिय पुस्तकालयमा आठ सय पुस्तकालय दर्ता भएको समाचार छापिएको छ (पण्डित २०६२) ।

नै आँक्न मिल्दैन ।[२] तर आधुनिक नेपालको अभ्युदयसँगै शैक्षिक क्षेत्र छायाँमा परेको देखिन्छ भने सन् १८४६ मा जङ्गबहादुर कुँवर र उनका भाइहरूले कोतपर्व मच्चाएर सुरु गरेको जहानिया शासनपछि त यो क्षेत्रमा ग्रहण नै लागेको पाइन्छ । जङ्गबहादुरले सन् १८५० मा बेलायत यात्राबाट फर्केपछि आफ्ना छोरा-नातिहरूका लागि अङ्ग्रेज र बङ्गाली टचुटरहरू ल्याएर अङ्ग्रेजी या पश्चिमा शिक्षा पढ्ने व्यवस्थाको सुरुआत गरे । तर सामान्यजनका लागि भने शिक्षा वर्जितसरह थियो । सन् १८७७ मा काठमाडौँस्थित ब्रिटिश रेजिडेन्सी सर्जनले लेखेका रहेछन्– 'नेपालमा स्कूल र कलेज भेट्नु आयरल्याण्डमा सर्प भेट्नु जत्तिकै हो, कत्ति पनि पाइन्नन्' (रग्सडेल सन् १९८९: १२ मा उद्धृत) ।

सन् १८५४ मा जङ्गबहादुरले घरैमा सुरु गरेको अङ्ग्रेजी स्कूलमा राणाजनको र पछि क्रमशः अन्य दरबारीया र भारदारहरूको समेत पहुँच पुगे पनि सर्वसाधारणको पहुँचको सवालै थिएन । यसपछि आधा शताब्दीसम्म शैक्षिक क्षेत्रमा कुनै प्रगति भएन, बरु प्राचीन (संस्कृत र बौद्ध) शिक्षा प्रणालीमा पनि अधोगति देखियो (वुड सन् १९६५: ९) । सन् १९०१ मा देवशमशेरले शासनसत्ता सम्हालेपछि उनले 'शिक्षातर्फ जेन्युइन कदम चालेको' र त्यसक्रममा नेपालभर करिब १५० स्कूल खोलिएको उल्लेख पाइन्छ (वीर सन् १९८८: ३३, शर्मा २०६२) । तर उनी सत्तामा करिब चार महिनामात्र टिके । देवशमशेरलाई धपाएपछि स्थापित चन्द्रशमशेरको शासनकालमा देवशमशेरको समयमा खोलिएका विद्यालयहरूको भविष्य देवशमशेर स्वयंको भन्दा पृथक भएन ।

सन् १९१८ मा त्रि-चन्द्र कलेज खोलियो । तर कलेज उद्घाटन क्रममा उनै चन्द्रशमशेरले आँखामा आँशु टिलपिल गर्दै भने– "आज मैले आफ्नै खुट्टामा बञ्चरो हानेँ," यद्यपि त्यो कलेज दुनियाँका लागि थिएन (हाछेथु सन् २००२: ३१ मा उद्धृत) । चन्द्रशमशेरले जवान राणाहरू (र सम्भवतः अन्य पनि) मा परेको भारतीय विश्वविद्यालयको पढाइको प्रभावबाट असन्तुष्ट भएर यो कलेज खोलेका थिए (वुड सन् १९६५: १०) । कवि सिद्धिचरण श्रेष्ठको जेल संस्मरणमा राणाकालमा (सन् १९४० ताका) चिनियालाल सिंहहरूले खोलेको महावीर इन्स्टिच्यूट (स्कूल) बारे चर्चा गरिएको छ । स्वयं पनि सोही क्रममा जेल परेका सिद्धिचरणले दुनियाँका छोराछोरीलाई पढाउने धृष्टता गर्नेहरूलाई राणाहरूले जेलमा कसरी सडाए, यातना दिए त्यो सविस्तार उल्लेख गरेका छन् । तीन वर्षपछि जेलमै सिंहको मृत्यु भएको थियो (सरुभक्त २०५२) ।

यी उदाहरणले राणाकालीन शैक्षिक दुरावस्थाको झलक दिन्छन् भने तत्कालीन पुस्तकालयहरूको स्थिति अझ दयनीय देखिन्छ ।[३] उपलब्ध सामग्रीहरूको सरसर्ती अध्ययनले नेपाली भूमिभित्र पहिलो सार्वजनिक पुस्तकालय सिराहामा स्थापना भएको बुझिन्छ । सन् १९१५ (वि.सं. १९७२) मा

---

[२] कमलप्रकाश मल्लले सूर्यविक्रम ज्ञवालीलाई उद्धृत गर्दै १० औं, ११ औं शताब्दीतिर भारत, तिब्बत र चीनसम्म नेपाली विद्वता (स्कलरशिप) को छाप देख्न सकिने उल्लेख गरेका छन् । नेपाली विद्वानहरूले वर्तमान उत्तर भारतका विभिन्न शैक्षिक केन्द्रहरूमा अध्यापन गरेका थिए र त्यहाँ उनीहरूको ठूलो मान थियो (मल्ल सन् १९७९: १८१-१८२) । त्यस्तै, प्रचलित जनश्रुति 'विद्या हराए काशी कि कास्की जानू' ले पनि केही मात्रामा शैक्षिक स्थितिको जानकारी दिन्छ, भलै यो कुन कालखण्डको श्रुति हो भन्ने जानकारी यसले नदेओस् ।

[३] राणाकालका पछिल्ला वर्षहरूमा नेपालभित्रै प्राथमिक स्तरका भाषा पाठशाला, आधार स्कूल, श्रेस्ता पाठशाला आदि खोलिएको पाइन्छ । प्रथम विश्वयुद्धपश्चात् ब्रिटिश सेनामा कार्यरत गोरखा सैनिकमध्ये निरक्षरहरूलाई अवकाश दिइएको थियो । यी अवकाशप्राप्त गोरखा सैनिकहरूले आफ्ना क्षेत्रमा स्कूल खोल्न मद्दत पुऱ्याए (वीर सन् १९८८, शर्मा २०६२) । गोर्खा सैनिकहरू राणाहरूको आम्दानीको मुख्य स्रोतमध्ये एक भएकाले उनीहरू सो गुमाउन चाहँदैनथे र यस्ता स्कूल खोलिएकामा आँखा चिम्लिए ।

खुलेको श्री गोरखा शारदा भवन पुस्तकालय,[४] तर, केही वर्षमात्रै टिक्यो (रेग्मी २०५५, चाल्मर्स सन् २००३) । स्वामी दामोदरानन्दले चन्द्रशमशेरबाट स्वीकृति लिई त्यसै बेला खोलिएको चन्द्रमाणिक स्कूलको हिस्सा यो पुस्तकालय भए पनि साँझमा खोलिने र विद्यार्थीबाहेक अन्य बाहिरीयाले पनि प्रयोग गर्ने भएकाले यसलाई सार्वजनिक पुस्तकालय भन्न सकिन्छ ।[५]

छिमेकी भारतका विभिन्न सहरमा विभिन्न कारणले बसोबास गरिरहेका नेपालीहरूले आफ्नो जाति र भाषा (गोर्खाली अथवा नेपाली) को उन्नतिका लागि गरेका विभिन्न प्रयासमध्ये सार्वजनिक पुस्तकालय पनि एक हो । यस्तो प्रयास सन् १९१३ मा खर्साङमा सुरु भएको र पछि अन्य सहरमा पनि नेपालीहरूले पुस्तकालय खोलेको पाइन्छ (चाल्मर्स सन् २००३) । यस्ता पुस्तकालयसम्बन्धी गतिविधि त्यस बेला तिनै नेपालीहरूले प्रकाशन गरेका *सुन्दरी* (सन् १९०६-७), *माधवी* (सन् १९०८-९), *चन्द्र* (सन् १९१४), *गोर्खाली* (सन् १९१५-१६), *चन्द्रिका* (सन् १९१७-१८), आदि साहित्यिक पत्रिकामा छापिएका हुन्थे । सीमापारि हुने विभिन्न कार्यक्रममा वारिका व्यक्तिहरूको पनि सहभागिता रहन्थ्यो । परासीका एफएन शर्माले त्यस्तै एक पुस्तकालय समारोहमा भाग लिएको प्रसङ्ग पत्रिकामा प्रकाशित भएको थियो (चाल्मर्स सन् २००३) । सम्भवतः भारतमा नेपालीहरूले सुरु गरेका त्यस्तै कार्यको प्रभाव सिराहामा परेको थियो ।[६] तर यो मौलाउन, फैलन सकेन ।

सामाजिक शास्त्री बेनेडिक्ट एन्डरसन (सन् १९९१) ले भन्ने गरेको 'प्रिन्ट क्यापिटलिज्म' को फैलावटले नेपाली जाति, भाषा जस्ता कुराहरूको विस्तार गऱ्यो र 'काल्पनिक समुदाय' (इमेजिन्ड कम्युनिटी) लाई राष्ट्रियताको माखेसाङ्लोमा बाँध्ने काम गऱ्यो । 'प्रिन्ट क्यापिटलिज्म' को विस्तारसँगै छिमेकमा बसेका नेपालीहरूको गतिविधिहरूको प्रभाव सीमावारि पर्नु कुनै अनौठो भएन । किनकि काठमाडौँ खाल्डोको साहित्यिक 'ल्याण्डस्केप' भारतमा बसिरहेका नेपालीहरूका साहित्य सृजनासँग अपरिचित थिएन बरु प्रभावित समेत थियो ।[७] तसर्थ

---

[४] शिव रेग्मी (२०५५: ६७) ले सो पुस्तकालयको नाउँ त्रिचन्द्र उल्लेख गरेका छन् । तर चाल्मर्स (सन् २००३) ले तत्कालीन समयमा भारतबाट निस्कने नेपाली भाषाको साहित्यिक पत्रिका *चन्द्रिका*लाई उद्धृत गर्दै सो पुस्तकालयको नाम श्री गोरखा शारदा भवन पुस्तकालय उल्लेख गरेका छन् । त्यसै गरी विद्यालयको नाउँ पनि दुवैले भिन्दाभिन्दै दिएका छन्: रेग्मीले चन्द्र मिडिल स्कूल भनेका छन् भने चाल्मर्सले चन्द्रमाणिक पाठशाला ।

[५] सो पुस्तकालयका सचिव गणेशदत्तले सहयोगका लागि गरेको अनुरोधपत्र *चन्द्रिका*मा छापिएको छ । 'पुस्तकालय नै विद्यालय हो' शीर्षकमा छापिएको सो अपीलमा शिक्षाको सक्दो प्रवर्द्धन गर्नु मानवजातिको कर्तव्य हो र त्यसका लागि धेरै स्थानमा हामीले विद्यालय र पुस्तकालय खोल्नुपर्छ भनिएको छ । सो अपीलमा सिराहामा भर्खरै जनसहयोगबाट अङ्ग्रेजी र संस्कृत पढाइने चन्द्रमाणिक पाठशाला खोलिएको र गोर्खा भाषाको उन्नति एवं धर्मका खातिर पाठशालासँगै श्री गोरखा शारदा भवन पुस्तकालय खोलिएको जानकारी दिइएको छ । साथै उक्त पुस्तकालयमा हिन्दी र संस्कृतका गरी करिब ७०-८० पुस्तक तथा दैनिक *भारतमित्र*, साप्ताहिक *प्रताप*, *बंगवासी*, *बंगाल* का साथै *सरस्वती*, *ब्राह्मण सर्वस्व*, *चन्द्रिका*, *इण्डियन रिभ्यु*, *मोडर्न रिभ्यु* जस्ता जर्नलहरू पनि आइरहेको अपीलमा बताइएको छ । तराईको, शिक्षाको कुनै उन्नति नभएको यो स्थानले पनि दिनदिनै उन्नति गर्दै जाने आशा त्यसमा लिइएको छ (चाल्मर्स सन् २००३: २०१ मा उद्धृत) ।

[६] भारतमा बसिरहेका नेपालीहरूले पनि यी कार्य भारतीय सहरहरूमा भइरहेका त्यस्तै क्रियाकलापको सिको गरेका हुन् भन्न सकिन्छ ।

[७] यस्ता साहित्यिक प्रकाशनमा राजनीतिक मुद्दा या विषयबारे खासै उल्लेख हुँदैनथे र भएका खण्डमा पनि तिनमा नजानिँदो सङ्केत मात्र हुन्थ्यो । यस्ता केही पत्रिकाका प्रकाशकले आफूलाई राजनीतिभन्दा पर राख्ने घोषणा गरेका थिए किनकि राणा सरकारसँग भारतमा शासन गरिरहेका ब्रिटिश सरकारको अत्यन्तै सुमधुर सम्बन्ध थियो र राणाहरूले भारतीय क्षेत्रमा राणाविरोधी क्रियाकलाप हुन नदिन, गर्नेमाथि निगरानी राख्न ब्रिटिश सरकारसँग सहयोग मागेको थियो ।

काठमाडौँ र अन्य व्यापारिक केन्द्र कम्तीमा छिमेकी मुलुकका विभिन्न सहरमा भैरहेको पुस्तकालयको विस्तार विकासबारे अनभिज्ञ थिएनन् भन्न सकिन्छ । तथापि चन्द्रशमशेरको अधीनमा रहेको राज्यक्रुरताका अगाडि हिम्मत जुटाउन सकेको पाइँदैन । किनकि यसअघि सन् १९२० ताका सुब्बा कृष्णलाल अधिकारी सम्भवतः अराजनीतिक पुस्तक *मकैको खेती* प्रकाशन गर्दा खोरमा पुगेका थिए जहाँ उनले अन्ततः ज्यानसमेत गुमाए ।[८] त्यस्तै, राजनीतिक गन्ध आउने पुस्तक राखेका कारण पनि जेल गइसकेका घटना (सुक्तिसिन्धु पर्व, आदि) जनमानसमा ताजै थिए । तसर्थ कसैले खुला रूपमा पुस्तकालय खोल्ने हिम्मत नगर्नु अनौठो भएन ।

चन्द्रशमशेरका उत्तराधिकारी बनेका भीमशमशेरले सुरुमा मुलुकको उत्थानका लागि दुनियाँसँग सुझाव माग्दै 'इस्तिहार' छपाए । तर त्यो फगत ढोँग रहेछ । सोही विज्ञापनबाट उत्साहित उपत्यकाका केही युवाले 'सरस्वती सार्वजनिक पुस्तकालय' खोल्न बिन्तिपत्र दिए, र त्यसका लागि तयारी पनि गरे । तयारी क्रममै पुस्तकालय स्थापना गर्न खोज्ने सबै ४५-४६ जनालाई पक्राउ गरियो ।[९] उनीहरूलाई 'गाथगादी ताक्न खोजेको' अभियोग लगाइयो; केही जेलमा परे, दुई जनाले एक-एक हजार रुपियाँ जरिवाना तिर्नुपर्‍यो, अनि बाँकीलाई १२ वर्ष 'जनहितको कुनै पनि काम नगर्ने' कागज गराएर जनही १०० रुपियाँ दण्ड तिराएर छाडियो । यो घटनालाई नेपाली इतिहासमा पुस्तकालय पर्व भनेर जानिन्छ (पौडेल २०५५, शिव रेग्मी २०५५, क्षेत्री २०५९ख, शर्मा २०६२) ।

यसपछि सन् १९४५ मा पद्मशमशेर शासनारुढ नहुँदासम्म नेपालमा पुस्तकालय स्थापना हुन सकेन, सिवाय सन् १९३६ (वि.सं. १९९३) तिर तौलिहवामा खोलिएको पशुपति प्रताप पुस्तकालय । पद्मशमशेरको समय दोस्रो विश्वयुद्ध सकिएको र साम्राज्यवादको पञ्जा खुकुलो हुँदै गएको समय थियो । धमाधम नयाँ राष्ट्रहरू स्वाधीन हुने क्रममा थिए । छिमेकी भारतमा स्वतन्त्रता आन्दोलन घनिभूत भएको थियो र उनीहरूले स्वशासन गर्न पाउने निश्चितप्रायः थियो । भारतमा बस्ने नेपालीहरूले पनि यी आन्दोलनमा सक्रिय सहयोग गरेका थिए र उनीहरू नेपालको राणाशाहीबाट मुक्तिका लागि आतुर पनि थिए । अनि आफूहरूमाझ एकबद्ध हुने प्रयास जारी थियो । मुक्तिको पक्षमा उर्लंदो लहरलाई पद्मशमशेरले सम्भवतः ठम्याएका थिए र सोहीअनुरूप केही खुकुलोपना समाजमा देखियो । कुण्ठित भएर रहेका युवा, विद्यार्थीलगायत अन्य यो परिस्थितिको फाइदा उठाउन चुकेनन् । फलतः विभिन्न स्थानमा स्कूल, पुस्तकालय, आदि खोलिए । यस्ता पुस्तकालयलाई राजनीतिक फाइदा या सङ्गठन अभिवृद्धिका लागि पनि प्रयोग गरियो । जस्तो कि नेपाली राष्ट्रिय

---

[८] *मकैको खेती*को एउटै प्रति पनि उपलब्ध छैन भनिन्छ । साथै सो पुस्तकमा उल्लेख भएको भनिएको वाक्यसम्बन्धमा पनि मतैक्य भेटिँदैन । कसैले मकैमा लाग्ने कालोपोतो रोगको, कसैले कमिलाको प्रकारको त कसैले कुकुरको प्रसङ्ग पुस्तकमा उल्लेख भएको र सो राणाहरूलाई हियाउन लेखिएको अर्थ्याएर खोरमा हालिएको लेखेका छन् ।

[९] भोला श्रेष्ठ (२०३८: ४) ले पुस्तकालय खोल्ने स्वीकृति मिलेको र त्यसमा ४५-४६ जना युवक सक्रियतासाथ काम गर्दै थिए भनेर लेखेको पाइन्छ तथापि अन्य लेखबाट पुस्तकालय खुल्नुअघि नै यो काण्ड घटेको बुझिन्छ । उपलब्ध सामग्रीहरूमा पुस्तकालय काण्डका क्रममा पक्राउ परेकामध्ये सबैको नाममा सहमति पाइँदैन, दण्ड सजायँबारे पनि केही मतभेद देखिन्छ ।

काङ्ग्रेसका कार्यकर्ताहरू सङ्गठन विस्तारका लागि बाँकेमा पुगेका थिए र सोही क्रममा वि.सं. सालमा बाँकेमा प्रेम पुस्तकालय खोलिएको थियो (सनत रेग्मी २०५५)।

पद्मशमशेरलाई पनि अनुदारवादीहरूले टिक्न दिएनन्; उनलाई धपाएर मोहनशमशेरले सत्ता हातमा लिए। सन् १९५१ को राजनीतिक परिवर्तनअघि नेपालगञ्ज, बुटवल, बाग्लुङ, बन्दिपुर, बीरगञ्ज, विराटनगर, धनकुटालगायत काठमाडौँमा खुलेका करिब डेढ दर्जन पुस्तकालयमध्ये मोहनशमशेरको कार्यकालमा जम्मा दुइटा पुस्तकालय खोलिएको देखिन्छ। तीमध्ये एक दाङमा उनकै नाममा खोलिएको र यसमा स्थानीय शासकको पनि सहयोग रहेको उल्लेख पाइन्छ भने अर्को भोजपुरमा काङ्ग्रेसी नारदमुनि थुलुङको सक्रियतामा खुलेको थियो। तर, मोहनशमशेरको शासनावधिमा दमन तीव्र गरिएको थियो, पहिले खुलेका कतिपय पुस्तकालय यो अवधिमा मुर्झाए। सर्लाहीमा खोलिएको पुस्तकालयलाई राजनीतिक चेतना जगाउने सामग्री राखेको आधारमा बन्द गरिएको थियो, सञ्चालकहरू खोरमा थुनिएका थिए (उपाध्याय २०५५)।

माथिको छलफलले राणाकालको समग्र प्रवृत्ति शैक्षिक क्षेत्रका लागि नकारात्मक थियो, प्रगतिका लागि बाधक थियो भन्ने देखाउँछ। शिव रेग्मी (२०५५: ५९) ले भनेझैँ राजनीतिक सङ्गठनको इतिहास र सार्वजनिक पुस्तकालय स्थापनाको इतिहास सँगसँगैजस्तो सुरु भएकाले राजनीति गर्ने अखडाका रूपमा पनि पुस्तकालयलाई हेरियो र सम्भवतः त्यसैकारण यसप्रति तानाशाहहरूका बक्रदृष्टि परे। तीर्थवर्तका लागि, कामका लागि, अध्ययनकै लागि, र युद्धमा भाग लिनका लागि समेत गरेर थुप्रै नेपालीहरू छिमेकी मुलुक र अन्यत्र पनि पुगेका थिए। उनीहरू त्यहाँको शिक्षादीक्षा, रहनसहन, प्रगति, स्वतन्त्रताबाट प्रभावित नहुने भन्ने पक्कै थिएन। यस्तो अवस्थामा केही खुकुलोपन (जस्तो पद्मशमशेरको शासनकाल) महसुस गर्नेबित्तिकै यस्ता व्यक्तिहरू आफ्ना सन्तानदरसन्तानको भविष्य उजिल्याउन शैक्षिक क्षेत्रलाई अघि बढाउन तत्पर भइहाल्थे। यसैको प्रतिफल हो, राणाकालीन समयमा स्थानीय तवरबाट खुलाइएका शैक्षिक केन्द्र या विद्यालय र पुस्तकालयहरू।

## खुलाकाल (सन् १९५१-६०)

सन् १९५१ मा राणा शासन अन्त हुँदा नेपालमा जम्मा ३२१ प्राथमिक र ११ माध्यमिक विद्यालय थिए (हेर्नुहोस् तालिका १) भने सामान्य पढ्न लेख्न जान्ने अथवा साक्षरहरू दुई प्रतिशतभन्दा कम थिए (पाण्डे र अरू सन् १९५६, हफ्टन र अरू सन् १९९९: ४)। कुँवर राणाहरूको शासन ढलेपछिको एक दशकमा नेपालमा नवनिर्माणको क्रम सुरु भयो। वाक तथा प्रकाशन स्वतन्त्रता थियो, नयाँ दलहरू खुलेका थिए, संघसंस्थाहरू स्थापना गरिएका थिए, पत्रपत्रिका प्रकाशनको बाढी आएको थियो (पाण्डे सन् १९९९)। यद्यपि, शाह-राणाहरूले विभिन्न मुखौटाहरूमार्फत शासन गरेको सो दशकको राजनीति गञ्जागोलपूर्ण देखिन्छ। राजनीति सङ्लिएको भए सम्भवतः त्यसले शैक्षिक क्षेत्र तथा समग्र क्षेत्रमा सकारात्मक प्रभाव पार्ने थियो कि भन्ने अनुमान गर्न सकिन्छ। तथापि, धूमिल स्थितिमा पनि शिक्षा क्षेत्रले गति पक्डिएकै हो।

स्कूल भवन थिएनन्, न त शिक्षक थिए । न पाठ्यपुस्तक, न लेख्ने कलम कापी अथवा पाटी नै सहजै पाइन्थे । तर आफ्ना सन्तानलाई शिक्षित बनाउन खोज्ने पक्कै थिए । उनीहरूमा जोश थियो, जाँगर थियो, उत्साह थियो र शिक्षाप्रति मोह थियो। आफ्ना सपनालाई मूर्त रूप दिन उनीहरूले सक्दो कोशिश गरेका थिए । फुसकै सही र एक कोठे नै सही, भवन ठडयाए, टाढा टाढा पुगेर शिक्षक खोजेर ल्याए, केटाकेटी जम्मा पारे र शिक्षाको जग बसाले । राजनीतिक परिवर्तनको केही समयपश्चात् अमेरिकी सहायताअन्तर्गत नेपाल आएका एक शिक्षकले लेखेका छन्– "मैले एक गुरुङ महिलालाई भेटेँ जो दुई अक्षर लेख्न-पढ्न जान्दैनथिन् । उनले आफ्नो गाउँमा स्कूल बनाउन तीन हजार रुपियाँ सहयोग गरेकी थिइन् । र, चार-पाँच दिनको बाटो पैदल हिँडेर उनी मलाई भेट्न आएकी थिइन्, हामी उनको गाउँका लागि तालिमप्राप्त शिक्षकको व्यवस्था गर्न सक्छौँ कि भनेर" (डार्ट सन् १९६३: ३६३) ।

सात सालपछि गाउँहरूमा भएका गतिविधिको छनक पूर्व १ नम्बर, काभ्रे जिल्लाको अमरकोट गाउँ निवासी साहित्यकार कृष्णप्रसाद पराजुलीको संस्मरणबाट पाउन सकिन्छ । उनी लेख्छन्–

> ... हामी आफ्ना गाउँघरमा केही गर्न चाहन्थ्यौँ । २००७ सालको परिवर्तनले राम्रो सङ्केत देखाएको थियो र त्याग गर्नुपर्छ भन्ने भावना पनि उमारिदिएको थियो । फलस्वरूप हामी त्यसै क्रियाकलापमा समाहित हुँदै गयौँ । गाउँघरका किशोर तथा नवयुवाका हृदयमा पनि शैक्षिक उज्यालोको चाहना बढ्यो अनि बूढापाकाले पनि चासो लिन थाले । ...२००८ सालमा गाउँमा दुइटा स्कूल खोलिए (पराजुली २०५५: २१) ।

सन् १९५१ देखि सन् ६० बीचको अवधिमा शैक्षिक क्षेत्रमा भएको विस्तारको झलक तालिका १ ले पनि दिन्छ । यही अवधिमा अर्थात सन् १९५६ मा राष्ट्रिय शिक्षा आयोग गठन गरिएको थियो । यो आयोगले एक वर्षभन्दा बढी समय लगाएर बृहत् अध्ययन, अनुसन्धान गरेर प्रतिवेदन तयार गरेको थियो जुन हालसम्म गरिएकामध्ये सबैभन्दा विस्तृत र गतिलो अध्ययन मानिन्छ । मुख्य सरोकारवाला अर्थात सर्वसाधारणसँग सम्पर्क, संवाद गरेर उनीहरूका धारणा, विचारलाई पनि यो अध्ययनमा समेटिएको थियो । अध्ययनले विभिन्न स्थानमा खुल्दै गरेका सार्वजनिक, अर्धसार्वजनिक पुस्तकालयलाई प्रोत्साहन दिँदै तिनलाई शिक्षा अभिवृद्धिमा उपयोग गर्नुपर्ने सुझाव दिएको थियो (पाण्डे र अरू सन् १९५६: १६९) ।

**तालिका १: सन् १९५१-६१ मा नेपालमा शैक्षिक संस्था तथा विद्यार्थीहरूको सङ्ख्या**

| शिक्षाको तह | संस्थाहरूको सङ्ख्या | | विद्यार्थी सङ्ख्या | |
|---|---|---|---|---|
| | वि.सं. २००७ | वि.सं. २०१८ | वि.सं. २००७ | वि.सं. २०१८ |
| प्राथमिक | ३२१ | ४,००१ | ८,५०५ | १,८२,५३३ |
| माध्यमिक | ११ | १५६ | १,६८० | २१,११५ |
| उच्च | २ | ३३ | २५० | ५,१४३ |

स्रोतः *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू* (मकालु बुक्स २०६२: २२२) ।

साहित्यिक इतिहासकार शिव रेग्मी (२०५५: ६७) लेख्छन्– "सात सालको क्रान्तिपछि नेपालमा पुस्तकालय स्थापना गर्ने कार्यमा युवाहरूको जोश र जाँगर जतातत‌ै देखिन थाल्यो,

फलस्वरूप काठमाडौँको टोलटोलमा भनेजस्तो पुस्तकालयहरू खुल्न थाले र देशका विभिन्न भागमा पनि यही क्रम जारी रह्यो ।" सन् साठीसम्म मुलुकभर खुलेका यस्ता सार्वजनिक या सामुदायिक पुस्तकालयको सङ्ख्याबारे मतैक्य नभए पनि सो सङ्ख्या १२० भन्दा माथि पुगिसकेको देखिन्छ । शिव रेग्मी (२०५५: ६९) ले यस्ता पुस्तकालयको सङ्ख्या करिब १२५ रहेको बताएका छन् । तत्कालीन कलेज अफ एजुकेशनका पुस्तकालय प्रमुख रहेका पूर्णप्रसाद अमात्यले सन् १९५७ सम्ममा मुलुकभर करिब २०० पुस्तकालय स्थापना भइसकेको उल्लेख गरेका छन् (अमात्य सन् १९५७: १७८) । सन् १९६१ को सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्टमा यस्ता पुस्तकालयको सङ्ख्या १२२ भएको उल्लेख छ (श्री ५ को सरकार २०१८: १२२) । त्यस्तै, रीड र रीड (सन् १९६८: १९८) ले युनेस्कोको प्रतिवेदन उद्धृत गर्दै सन् १९६० मा नेपालमा १८ राष्ट्रिय र विश्वविद्यालय पुस्तकालय (४२,००० पुस्तक) र १४६ सार्वजनिक पुस्तकालय (जम्मा १५३,०० पुस्तक) रहेको तथा तिनका १० हजार सदस्य रहेको उल्लेख गरेका छन् । यस्ता पुस्तकालयहरू पश्चिमका बझाङ, जुम्ला, मुस्ताङ, बाग्लुङ, देखि पूर्वका दोलखा, ताप्लेजुङ, ओखलढुङ्गा, पाँचथर लगायतका विकट पहाडी जिल्लामा समेत खुलेका थिए भने तराई र पहाडका तुलनात्मक रूपले सुविधासम्पन्न स्थानमा त खुल्ने नै भए । सन् १९५३ (वि.सं. २०१०) पुग्दा नपुग्दै पुस्तकालय संघ पनि खुलिसकेको थियो । त्यसबाहेक, विभिन्न विदेशी मुलुक (अमेरिका, बेलायत, भारत, आदि) ले काठमाडौँ, पोखरालगायतका सहरी क्षेत्रमा आफैले पुस्तकालय स्थापना गरेका थिए । र, मुलुकभरका कतिपय पुस्तकालयलाई पुस्तक उपहार दिएका थिए ।

साहित्यकार कृष्णप्रसाद पराजुली पनि आफ्नो गाउँमा पुस्तकालय खोल्न कम्मर कसेर लागेका थिए:

> उक्त (स्कूल खोल्ने) पृष्ठभूमिकै क्रममा पुस्तकालय खोल्ने चौचौ बढ्दै गयो । पहिले स्कूल सञ्चालक समितिको तर्फबाट प्रयास गरियो र केही पुस्तक बटुलिए पनि, तर तत्काल चाँजोपाँजो मिल्न सकेन । आखिर समयले घचघच्याएपछि धेरै अघिदेखिको सपना पूरा भयो– उत्साहका नयाँ किरणमा । २०१३ सालमा गाउँमा ज्ञानको अर्को टुकी बालियो, जागृति पुस्तकालयको स्थापना भयो । ...त्यसपछि गाउँमा नभन्दै जागृतिको शङ्ख निकै फुकियो ।
>
> थालनीमा एक किसिमले तुवाँलोले ढाकेको स्थिति थियो, तर कति पनि नआत्तिई अथक परिश्रम गर्दै गएपछि पुस्तकालय क्रमैले अघि लम्कँदै गयो । पुस्तकालयका निम्ति झोला बोकियो, ढ्वाङ फुकियो, चौतारी र चन्दनीमा बसेर गीत गाइयो; नाचियो पनि । जसरी हुन्छ दिनको तीन घण्टा पुस्तकालय खोल्नु, सदस्यहरू बनाएर घरमै लगी पुस्तक अध्ययन गर्ने बानी बसाउनु, वरपरका र आवतजावत गर्ने व्यक्तिहरूलाई पनि पुस्तक पत्रिका हेर्न उत्प्रेरित गर्नु, आदि काम गरेर पुस्तकालयप्रति चाख त जगाइयो नै साथसाथै, विभिन्न गोष्ठी, उत्सव र सांस्कृतिक कार्यक्रम गर्दा विद्यार्थी केटाकेटी र युवाहरूलाई सक्रिय पारेर अघि लम्कँदा झरझराउँदो दियालो बालेर हिँडेको अनुभव हुन थाल्यो । यस्ता प्रयासले गाउँ प्रभावित भयो, मानिस मुग्ध भए, एक किसिमले नयाँ घाम झुल्क्यो त्यहाँ (पराजुली २०५५: २१-२२) ।

पराजुलीको अमरकोट गाउँमा आएको जनजागरणको यो लहर त्यो समयको प्रतिविम्ब हो । स्कूल जताततै खुल्दै थिए र पुस्तकालय पछिपछि लाग्दै थिए । स्कूल विद्यार्थीका लागि मात्र थिए, पुस्तकालय अलि पठित र वयस्कका लागि पनि । स्कूलमा हद, बन्देज थियो, पुस्तकालय

खुला थिए । अलि लेखापढा, केही गरौँ भन्ने गाउँले जम्मा हुन्थे, गफ, बहस गर्थे यावत विषयमा । यी पुस्तकालय एक हिसाबले सामाजिक आन्दोलनका हिस्सा बन्दै थिए । यस्ता पुस्तकालयलाई सरकारले दर्ता गर्ने र तिनलाई केही आर्थिक सहायता पनि दिने गर्थ्यो । शिव रेग्मी (२०५५: ६८) ले लेखेका छन्: "यही अबधिमा (१६ सालतिर) केही पुस्तकालयले सरकारी स्वीकृति र केही आर्थिक सहयोग पनि पाएको चाल पाइन्छ । तर यो क्रियाकलाप १७ सालमा भएको राजनीतिक परिवर्तनसँगै प्रायः ठप्प जस्तै भयो ।" अमोद भट्टराई (२०५१: १९) ले '२०१७ सालमा नेपाल राज्यभरका सार्वजनिक पुस्तकालयहरूलाई सहायता स्वरूप प्रदान गर्न श्री ५ को सरकारले ८० हजार रुपियाँ छुट्ट्याएको' उल्लेख गरेका छन् । त्यस्तै शशी पन्थी (२०५५: ११९) लेख्छन्: "२०१५-१६ सालतिर पुस्तकालयहरूले आर्थिक सहायता पाउँथे । त्यो पनि पछि बन्द गरियो ।" माथि उल्लिखित जागृति पुस्तकालयले सरकारी दर्ता पाएर नयाँ आर्थिक वर्षबाट सरकारी सहायता पनि पाउनेवाला थियो ।

यद्यपि परिस्थिति सहज नै भने थिएनः

> जनता जान्नेसुन्ने भएमा आफ्नो हानि हुन्छ, तिनलाई अघि बढ्न दिनु हुँदैन पैतालामुनि दबाएर राख्नुपर्छ भन्ने प्रवृत्ति थियो समाजमा । ...धूर्तहरूको राम्रो आँखा परेको थिएन । एउटा सिल्लीले आगो लगाइदिनु पर्छ भन्यो रे ... । यस्तो नकारात्मक पक्षबाट पीडा त हुन्थ्यो तर हामी हारेका थिएनौं ... के लागेको थियो भने ब्वाँसाहरूले अब केही लछार्न सक्तैनन् । ...विश्वासका स्वरहरू उरालिए, गाउँ नै थर्काएर कटुवाल कुर्लाइयो, नाटक खेलियो (पराजुली २०५५: २४) ।

तर यसैबीच सन् १९६० (१७ साल) आयो । अनि 'धेरै कुरा यताउति परे,' जागृति पुस्तकालयलगायतले पाउने आशा गरेको आर्थिक सहायता बन्द गरिए (पराजुली २०५५: २५) ।

माथि भनिएझैँ सात सालपछिको एक दशक नवनिर्माणको दशक थियो । राजनीतिक क्षेत्रमा समस्या देखिए पनि परिवर्तनसँगै आएको वैयक्तिक स्वतन्त्रता र अन्य नागरिक अधिकारको उपभोग गर्न पाउने स्थिति बनेको थियो । रैतीबाट नागरिक बन्दाको खुसीले फुलेल भएकाहरू आफू र आफ्ना सन्ततीको भविष्यको रेखा कोर्न तत्पर थिए । यस क्रममा साधारणजनले गरेको सबैभन्दा ठूलो लगानीको क्षेत्र शिक्षा नै थियो । सार्वजनिक पुस्तकालय विस्तार गर्ने राज्यको खास ठोस योजना नहुँदा नहुँदै पनि स्थानीयहरूको सक्रियतामा यो अगाडि बढेको थियो । यसरी स्थापित पुस्तकालयहरूका लागि आवश्यक पर्ने पुस्तक र रकम चन्दा, मागजाग गरेर धानिएको थियो । समाजको सकारात्मक परिवर्तन या रूपान्तरणको परिकल्पनामा यो कृत्यले भरथेग गर्थ्यो । सन् १९५१-६० को समयावधि या खुलाकाल, तसर्थ, सार्वजनिक पुस्तकालयका लागि सुवर्ण काल थियो भन्दा अत्युक्ति हुँदैन ।

## पञ्चायतकाल (सन् १९६०-९०)

बहुदलीय संसदीय प्रजातन्त्र नेपाली परम्परा र संस्कृतिसँग अमिल्दो रहेको र यसले मुलुकमा थुप्रै विकृति भित्र्याएको आरोप लगाउँदै शासनसत्ता हातमा लिएका (सन् १९६०) महेन्द्रले नेपाली हावा, पानी र माटो सुहाउँदो (नागरिक सुहाउँदो होइन) निर्दलीय पञ्चायती व्यवस्था लागू (सन् १९६२) गरे । राजतन्त्र, राष्ट्रियता र नेपालीपनको प्रवर्द्धन गर्दै मातृभूमिको

आधुनिकीकरण र विकास गर्ने पञ्चायतका मुख्य घोषित नीति थिए । सत्ता हत्याएको लगत्तै महेन्द्रले विश्वबन्धु थापाको संयोजनमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरे ।[१०] त्यसको केही वर्षपछि शिक्षा नीतिमा परिवर्तनका लागि तत्कालीन युवराज वीरेन्द्रको नेतृत्वमा सन् १९६८ मा उच्चस्तरीय समिति निर्माण गरेर नयाँ शिक्षा नीतिको तर्जुमा गरियो र क्रमशः लागू पनि ।

प्रजातन्त्रको अवसानले समग्र जनजीवन प्रभावित थियो । यसबाट शिक्षा क्षेत्र पनि अछूतो रहन सक्दैनथ्यो । तथापि सरसर्ती हेर्दा पञ्चायत कालमा शिक्षाका सामान्य सूचक स्कूल, शिक्षक, विद्यार्थी आदिको सङ्ख्यात्मक वृद्धि नराम्रै थियो भन्न मिल्दैन ।[११] यद्यपि सबै राम्रो पनि थिएन । तीस वर्षे पञ्चायत राजमा पनि केही सार्वजनिक पुस्तकालय खोलिएका हुन् यद्यपि यससम्बन्धी तथ्याङ्कको अभावमा वृद्धि दर (सकारात्मक, नकारात्मक) बारे यसै भन्न अप्ठेरो छ ।[१२] यो अवधिमा संस्थागत पुस्तकालय विशेष गरी कलेजस्तरका पुस्तकालयको सङ्ख्यामा वृद्धि देख्न सकिन्छ । तर यसै अवधिमा विगतमा देशका विभिन्न भागमा स्थानीय स्तरबाट खोलिएका सार्वजनिक पुस्तकालय बन्द भएको या गरिएको पाइन्छ । केहीले स्वाभाविक मृत्यु वरण गरे होलान् अरू कतिपय बन्द हुनमा पञ्चायती सत्ता र त्यसका एजेन्ट वा 'मसिनरी' सीधा जिम्मेवार मानिन्छन् । साहित्यकार पराजुलीले आफ्नो संस्मरणमा मन कुँडच्याउँदै भनेका छन्: "हाम्रो खुशीले प्राप्ति देख्न पाएन ।" तर राम्ररी कारण नखुलाई 'धेरै कुरा यताउति परे' भनेर छाड्छन् उनी (पराजुली २०५५: २५) । शिव रेग्मी एक कदम अघि देखिन्छन्:

> … पुस्तकालयहरू आर्थिक सहयोग र प्रोत्साहनको अभाव तथा सरकारी नियन्त्रणबाट सुक्दै जान थाले र प्रायः बन्द भए । २०१९ सालमा संविधानमा र ऐनमा समेत राजनीतिक उद्देश्यले प्रेरित सङ्घ-सङ्गठन खोल्न प्रतिबन्ध लगाएका हुन् तापनि सार्वजनिक सङ्घ-संस्था खोल्नसमेत झैझमेला हुन थाल्यो र यस्ता सङ्घ-संस्था खोल्न मानिसहरू डराउन थाले । पुस्तकालयको सङ्ख्या बढ्नुको सट्टा घट्दै गयो … (रेग्मी २०५५: ६९) ।

रेग्मीसँग मतैक्य जनाउँदै शशी पन्थी (२०५५: ११८) थप्छन्: "पञ्चायतकालमा पुस्तकालय खोलेर सास्ती खाएको कटु अनुभव आजका युवाहरूमा ताजै छ ।" यी टिप्पणीमा समग्र

---

[१०] स्मरणीय छ, केही वर्षअघि, सन् १९५६ मा, मात्र एक वर्षभन्दा बढी समय लगाएर बृहत् अध्ययन अनुसन्धान गरेर राष्ट्रिय शिक्षा आयोगले एउटा प्रतिवेदन पेश गरेको थियो त्यो पनि महेन्द्र राजा भइसकेपछि (पाण्डे र अरू सन् १९५६) । १८ सालको समितिलाई जम्मा एक महिनाको समय दिएर आफ्नो प्रतिवेदन पेश गर्न भनिएको थियो । यसको प्रतिवेदनको प्रमुख दुई विशेषतामा शिक्षाको उद्देश्यका रुपमा विद्यार्थीलाई नरेशभक्त तुल्याउनु तथा नेपाली भाषा, त्यसमा पनि अझ संस्कृत भाषालाई थप जोड दिनु रहेको पाइन्छ । त्यसो त यही प्रतिवेदनले सबै ७५ जिल्लामा गाउँ पुस्तकालय खोल्न पनि सिफारिस गरेको थियो (श्री ५ को सरकार २०१८: ३३) ।

[११] ब्योर्गस्ट्रम (सन् १९८०: ३९) ले पञ्चायती प्रजातन्त्रको घोषित लक्ष्यमध्ये शिक्षा अधिकार (राइट टु एजुकेशन) एक थियो भनेर उल्लेख गरेका छन् ।

[१२] २०२४ सालमा प्रकाशित *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास*मा 'श्री ५ को सरकारबाट स्वीकृतिप्राप्त नभइरहेका पुस्तकालयहरू धेरै भए तापनि सरकारबाट स्वीकृति प्राप्त गरी ११३ पुस्तकालय चालू रहेको' उल्लेख छ (देवकोटा २०५९: १८५) ।

पुस्तकालयको अवस्थाको सामान्यीकरण गरिएको छ। रेग्मीले राजनीतिक तथा आर्थिक कारण उल्लेख गरेका छन् पुस्तकालयको दुरावस्थाका लागि । अन्य लेखकले पनि छुट्टाछुट्टै पुस्तकालयप्रति पञ्चायतकालमा गरिएको व्यवहारको चर्चा गरेका छन् । सन् १९४७ (२००४ साल) मा सर्लाहीमा स्थापना भएको मनोहर मोहन पुस्तकालय (पछि जनविकास पुस्तकालय) मलङ्गवामा प्रचलित थियो । सन् १९५१ पछि सरकारबाट पुस्तकालयको भवन बनाउन जमिन पनि प्राप्त भएको थियो । तर सन् १९६० को कूपछि सो पुस्तकालय शनैः शनैः समाप्त भयो । त्यस पुस्तकालयबारे लक्ष्मण उपाध्याय लेख्छन्:

> २०१७ सालको राजनीतिक परिवर्तनपछि शाही सेना र सशस्त्र प्रहरीलाई जिल्ला जिल्लामा परिचालन गरियो । यसैक्रममा सर्लाही आएको डफ्फाले पुस्तकालय रहेको घर कम्पाउण्डलाई आफ्नो वासस्थान बनायो । बीच बजारमा रहेको पुस्तकालयको जग्गामा भवन बनाउन सकिएको थिएन । खाली रहेको सो जग्गालाई आफ्नो बनाउन चाहनेहरू यस्तै मौका खोजिरहेका थिए । उनीहरू अनेक बहानामा पुस्तकालय बन्द गराउन प्रयत्नशील थिए । स्थानीय प्रशासकहरूको पनि यसमा सहमति थियो । निहित स्वार्थीहरूको सक्रियतामा जनविकास पुस्तकालय गाउँ पञ्चायत भवनमा सारियो । गाउँ पञ्चायतले पुस्तकालय सञ्चालन गराउनुको साटो पहिले त्यसको फर्निचरमा आँखा गाड्यो । पछि पुस्तकालयको अस्तित्व नै मेटाउनेतर्फ उन्मुख भयो । ... पुस्तकालयको नामको जग्गाचाहिं निजी सम्पत्तिमा परिणत भयो (उपाध्याय २०५५: १००) ।

त्यस्तै अर्को पुस्तकालयबारे पूर्णप्रसाद अधिकारी भन्छन्:

> २०१६ सालमा चितवनको नारायणगढ बजारमा साहित्यिक तथा शैक्षिक ज्ञान दिलाउने उद्देश्यले नारायणी पुस्तकालय स्थापना गरिएको थियो । ... यस संस्थाका व्यक्ति नेपाली काङ्ग्रेसका भएकाले यो पुस्तकालय बारम्बार पञ्चायती आक्रमणको शिकार भयो । २०२६ सालतिर केही उग्र पञ्चेका चेला मानिने भिजिलान्तेहरूले पुस्तकालय तोडफोड गरी अत्यन्तै मूल्यवान पुस्तकहरूलाई नारायणी नदीमा बगाइदिए ... (अधिकारी २०५५: ११३) ।

नेपालस्थित विभिन्न विदेशी नियोगले खुलाकालमा काठमाडौं र अन्य सहरी क्षेत्रमा सञ्चालन गरेका सार्वजनिक पुस्तकालयमध्ये राजधानीबाहेक अन्यत्रका पुस्तकालय सन् १९७२ (असार २०२९ साल) मा राज्यले एक आदेशमार्फत् बन्द गर्दियो । यो सरकारी रवैयाको स्थानीय बौद्धिक जमातले विरोध गरेकाले क्षतिपूर्तिस्वरूप सरकारले ती क्षेत्रमा सूचनाकेन्द्र (वाचनालय) खोलेको थियो जसमा पञ्चायत समर्थित सामग्री राखिन्थे (क्षेत्री २०६२: २०५) । त्यस्तै, सनत रेग्मी (२०५५) कृष्णप्रसाद बस्याल (२०५५), बनमाली निराकार (२०५५), हिक्मत खड्का (२०५७), आदिका लेखमा पनि पञ्चायतकालमा राज्य/राज्य संयन्त्रले सार्वजनिक पुस्तकालयप्रति बक्रदृष्टि लगाएका उदाहरण पाइन्छन् ।

तर अमोद भट्टराईले नेपाल राष्ट्रिय पुस्तकालय-२००९ बारे विशद चर्चा गर्दा आफ्नो पुस्तक *खोज र टिप्पणी* (२०५१) मा अलि भिन्न टिप्पणी गरेका छन् । उनले मुख्यतः आर्थिक पक्षलाई प्राधान्यता दिएका छन् । २५-२६ हजार पुस्तकहरू सङ्ग्रह गरिएको सो पुस्तकालय आफ्नो समयमा निकै ख्याति कमाएको थियो । यहाँ पुस्तकालयबाटै सुरु भएको थियो, नेपालको विख्यात साहित्यिक पत्रिका *रूपरेखा*। नवयुवकहरूले खोलेको यो पुस्तकालय

२०२६ सालतिर बन्द भयो । भट्टराई (२०५१: ११) लेख्छन्– "...पुस्तकालय आर्थिक समस्याले मात्र मरेको रहेछ, मेरा पिताजीलगायत ती सबै नवयुवकहरूको हृदयलाई कुण्ठित तुल्याएर ।"

पञ्चायतकालीन शैक्षिक अवस्था हेर्दा एकातर्फ सरकारी नारा र नीतिमा शिक्षाको विकासको नारा घन्किएको पाइन्छ । सामान्य शैक्षिक सूचकहरूले पनि सो समयावधिमा सङ्ख्यात्मक वृद्धि भएकै देखाउँछन् । तर अर्कोतर्फ शैक्षिक क्षेत्र अथवा अनौपचारिक शिक्षाको एक महत्त्वपूर्ण अवयवको रूपमा रहेको सार्वजनिक या सामुदायिक पुस्तकालयको स्थिति भने खस्किएको देखिन्छ । यसका पछाडि के कारण हुन सक्छन् ? जवाफ सहज छैनन् । कारणहरू केलाउन सम्भवतः मुख्य तीन कुराको अध्ययन जरुरी छः स्वयं पञ्चायतको अभ्युदय र त्यसपछाडिको दर्शन, तत्कालीन शैक्षिक नीति तथा सम्बन्धित तथ्याङ्क, सूचकाङ्कहरूको गहन विश्लेषण, र सार्वजनिक पुस्तकालयसँग सम्बन्धित विभिन्न पक्षहरूको अध्ययन ।

सार, स्वरूप र प्रवृत्तिमा राणा र शाह शासन (पञ्चायत) मा रत्तिभर फरक देखिँदैन । यद्यपि आवरण, नारा फरक थियो, फरक हुनु जरुरी थियो । तसर्थ, महेन्द्रले एकछत्र शासन गर्न बहुदलीय संसदीय प्रणाली खारेज गरी दलमाथि प्रतिबन्ध लगाइसकेपछि करिब दुई वर्ष लगाएर नाम जुराए: पञ्चायती व्यवस्था, र नयाँ संविधान बनाएर यसको जग मजबुत तुल्याए ।[१३] यसलाई जबर्जस्ती नेपाली परम्परासँग जोड्न खोजियो । पञ्चायत शब्द नेपालमा अपरिचित नभए पनि पञ्चायती पद्धतिको जुन व्याख्या गरिएको थियो त्यो यथार्थमा, सामाजिक शास्त्री एरिक हब्सवामका शब्द सापटी लिने हो भने, आविष्कृत परम्परा (इन्भेन्टेड ट्रेडिशन) थियो ।[१४] पञ्चायतको मुख्य घोषित नीति आधुनिकीकरण र विकास थिए । तर सबैभन्दा महत्त्वपूर्ण थियो राजतन्त्रको स्थायित्व । धर्म र परम्पराका नाउँमा दिनानुदिन शक्ति केन्द्रीकरणमा लागेको राजतन्त्र र आधुनिकीकरण एकआपसमा सामञ्जस्य राख्ने कुरा होइनन् किनकि आधुनिकीकरणतर्फ उन्मुख हुँदै जाँदा परम्परागत राजतन्त्रलाई खतरा उत्पन्न हुन्छ । तसर्थ, पञ्चायतकालमा आधुनिकीकरणको नारा जति नै जपना गरिए पनि व्यवहारमा त्यो नियन्त्रित थियो ।

पञ्चायतकालभरि शिक्षा प्राथमिकता क्रममा अगाडि राखिएको सार्वजनिक अभिलेखहरूमा देखिए पनि शिक्षामा गरिएको लगानीको तथ्याङ्कले त्यसो भन्दैन ।[१५] पञ्चायतको मुख्य ध्येय राजतन्त्र र व्यवस्थाप्रति नरम नागरिक उत्पादन गर्नु, साक्षर बनाउनु तर शिक्षितहरूको सङ्ख्या नियमन गर्नु देखिन्छ । यस क्रममा स्कूलहरूलाई केन्द्रीकरण गर्न थालियो, राज्यले

---

[१३] सन् १९६२ मा नयाँ पञ्चायती संविधान निर्माण भयो जुन पद्मसम्शेरले सन् १९४८ मा बनाएको तर लागू गर्न नपाएको संविधानकै प्रतिलिपि थियो । जोशी र रोज आफ्नो पुस्तक *डेमोक्रेटिक इनोभेसन्स इन नेपाल*मा संविधानमात्र होइन महेन्द्रले दिएको भाषणमा पनि पद्मसम्शेरकै प्रतिध्वनि गुञ्जन्छ भन्छन् (जोशी र रोज सन् २००४: ३९८) ।

[१४] दावा गरिएको जस्तो उदारवादी (इगेलेटरियन) पञ्चायत पद्धति नेपालमा भएको कम्तीमा पनि आधुनिक नेपालको स्थापनापश्चात् पाइन्न । आर्थिक इतिहासकार महेशचन्द्र रेग्मी (सन् १९७६, १९७८) ले आधुनिक नेपालको अर्थराजनीतिको गहन अध्ययन गरेका छन् । उनका पुस्तकमा कतै पनि त्यस्तो उदारवादी पञ्चायती पद्धतिको उल्लेख छैन बरु तत्कालीन अवस्थामा कथित पञ्चभलाद्मीले गर्ने शोषणको फेहरिस्त छ ।

[१५] ह्युग बी उड (सन् १९६५: २४) ले नेपालले शिक्षामा राष्ट्रिय आयको ०.३ प्रतिशत र सरकारी खर्चको जम्माजम्मी ६ प्रतिशत लगानी गरेको उल्लेख गरेका छन् जुन छिमेकी मुलुक भारत, श्रीलङ्काले तत्कालीन समयमा सोही क्षेत्रमा गरेको खर्चको तुलनामा निकै कम हो ।

चाहे जस्तो नागरिक उत्पादनका लागि पाठ्यक्रम निर्माणमा कडाइका साथ ध्यान दिइयो (वन्त सन् १९९६) । तीन चार कक्षादेखि नै केटाकेटीलाई व्यवस्थाप्रति प्रतिवद्ध तुल्याउने पुस्तक पढ्ने व्यवस्था भयो (रग्सडेल सन् १९८९, श्री ५ को सरकार २०१८) । त्यसबाहेक उच्च शिक्षालाई दुरुत्साहन गर्न विद्यार्थीलाई बीचैमा रोक लगाउने व्यवस्था गरियो, विभिन्न गौँडा राखेर ।[१६] वीर भन्छन्: "तर राणाहरूले लिएको भन्दा पृथक पद्धति अपनाइएयो, प्रवेश खुला तर परिणाममा नियन्त्रण" (वीर सन् १९८८: ४४) ।

सार्वजनिक पुस्तकालयको इतिहास केलाउँदा तिनका संस्थापकहरूबारे जान्नु जरुरी हुन्छ, र आवश्यक हुन्छ स्थापना गर्नुका कारणहरू केलाउन । तर पुस्तकालयबारे र अझ ती स्थापना गर्नेहरूबारे उपलब्ध सामग्रीको अभावमा धेरै कुरा भन्न सकिने स्थिति छैन । तथापि के भन्न सकिन्छ भने यी केही शिक्षित थिए, यिनीहरूमा समाजका लागि केही गरौँ भन्ने भावना थियो र केही यसबाट आर्जन हुने मान प्रतिष्ठा (सिम्बोलिक क्यापिटल) का कारण त्यता डोरिएका थिए । शिक्षित र केही लगानी गर्नसक्ने भएकाले यीमध्ये धेरै मध्यम या उच्च वर्गका पुरुष थिए भन्ने पुराना पुस्तकालयसम्बन्धित व्यक्तिहरूको थर केलाउँदा अनुमान गर्न सकिन्छ । त्यसबाहेक, केही पुस्तकालय राजनीतिकर्मीहरूको रणनीतिको एउटा हिस्सा पनि थिए । जस्तो कि, नेपालगञ्जको प्रेम पुस्तकालय राणा शासनविरुद्ध जनमत तयार गर्ने क्रममा खोलिएको उल्लेख छ (सनत रेग्मी २०५५) । राणकालमै खुलेको भोजपुरको श्रीराम पुस्तकालयमा नारदमुनि थुलुडको संलग्नता देखिन्छ जो काङ्ग्रेससँग सम्बन्धित थिए । सात सालपछि खुलेका केही पुस्तकालयमा राजनीतिकर्मीहरूको प्रत्यक्ष संलग्नता भेटिन्छ: चाहे त्यो जुम्लाको ज्ञान प्रकाश पुस्तकालय होस्, चाहे चितवनको नारायणी पुस्तकालय अथवा सर्लाहीको जन विकास पुस्तकालय । पञ्चायतकालमा समेत यो प्रक्रिया कायमै थियो । पञ्चायतकालमा मुख्यतः युवा, विद्यार्थीहरूले साना पुस्तकालय खोल्ने गरेका थिए जहाँ उनीहरू भेला भई पढ्ने गुन्ने, छलफल गर्ने काम त गर्थे नै, त्यसबाहेक उनीहरू व्यवस्थाविरोधी गतिविधिमा पनि सहभागी हुन्थे भनेर लेखक सीके लालले बताएका थिए । अन्य हिसाबबाट भेला हुँदा तत्कालीन सत्ताका तावेदारहरूले सीधा आक्रमण गर्ने भएकाले सुरक्षित हुन पनि उनीहरूले यो उपाय अपनाएका थिए । र, अर्कोतर्फ सत्ताधारीहरूले कुनै पनि समय आक्रमण गर्ने सम्भावनाका कारण यस्ता पुस्तकालय साना र प्रायः निजी कोठाहरूमा खोलिन्थे भन्ने लालको कथन थियो ।[१७]

सन् साठीमा दलीय स्वतन्त्रता मात्र खोसिएन, दलीय राजनीति गर्नेहरूको अवस्थामा पनि परिवर्तन आयो । थुप्रै जेलमा परे, धेरै निर्वासित भएर भारततर्फ लागे, कतिपय निष्क्रिय बने भने कति पञ्चायतभित्र समेटिए । कुनै पनि संस्थामा संस्थापक या सक्रिय भूमिका निर्वाह गरिरहेकाहरू नरहँदा सो संस्थाले आशातीत प्रगति गर्न नसक्नु अनौठो भएन । अझ त्यसमाथि व्यवस्था विरोधी संलग्न भएको संस्थामा सहभागी हुनु साधारणजनका लागि पनि

[१६] तेस्रो र सातौँ कक्षाको तथा एसएलसी परीक्षालाई केन्द्रीकृत गरिएको थियो र सिस्टमले आवश्यक ठानेका भन्दा बढीलाई फेल तुल्याइन्थ्यो ।

[१७] मार्टिन चौतारीमा १३ मे २००३ मा आयोजित 'सार्वजनिक पुस्तकालयको राजनीति' विषयक कार्यक्रममा व्यक्त विचार ।

कठिन थियो किनकि यसले नयाँ समस्याहरू सृजना गर्न सक्थ्यो । तसर्थ यी कारणले एकथरी सार्वजनिक पुस्तकालय बन्द हुन गएका या निष्क्रिय हुन गएको अनुमान गर्न सकिन्छ ।

पुस्तकालयमा सिद्धान्ततः सबैखाले पुस्तक सङ्ग्रह गरिन्थे, ती व्यवस्थाविरोधी पनि हुन सक्थे । तसर्थ त्यस्ता सामग्रीमा पहुँच हुन नदिन या पुस्तकालय बन्द गर्नु जरुरी थियो या त्यस्ता पुस्तकालयका 'कन्टेन्ट' मा नियमन, नियन्त्रण गर्नु पर्थ्यो । पञ्चायतकालमा यी दुवै कार्य भएको पाइन्छ । उदाहरणका लागि बन्दिपुरस्थित पद्म पुस्तकालयमा *काङ्ग्रेस अफ सोभियत्स* पुस्तक भेटिएकाले स्थानीय प्रशासनले सो पुस्तक हटाउन लगाएको थियो । अन्य कारणले नभै तत्कालीन अवस्थामा प्रतिबन्धित नेपाली काङ्ग्रेस पार्टीसँग नाम जुध्न गएकाले यो पुस्तक हटाइनु परेको हो (माइकसेल २०६१: १९, पादटिप्पणी १४) । नियमन र नियन्त्रण गर्न नसकिने पुस्तकालय बन्द गरिए भने कतिपय पुस्तकालय पञ्चायतको पञ्जाभित्र पारिए । केहीले पुस्तकालय जीवित राख्न विभिन्न उपाय अपनाए । जस्तो कि राजाका नाउँमा पुस्तकालयको नाउँ परिवर्तन गर्ने । नेपालगञ्जको प्रेम पुस्तकालयको नाम महेन्द्र पुस्तकालयमा परिवर्तन गरिनु यस्तै एक उदाहरण हो ।

सन् १९९७ मा पुस्तकालयहरूबारे एउटा अध्ययन भएको थियो । सो अध्ययनले सार्वजनिक पुस्तकालयहरूले पुस्तकालय सञ्चालन अतिरिक्त गर्ने अन्य कार्यहरू सूचीकृत गरेको थियो । तिनले, खेलकुद, साहित्य, सांस्कृतिक कार्यक्रम, शैक्षिक कार्यक्रम, एसएलसी कोचिङ, वातावरणीय सरसफाइ, वृक्षरोपण, वादविवाद, रक्तदान जस्ता अनेक कार्यक्रम आयोजन गरेको पाइन्छ (एनएलए सन् १९९७) । अर्थात पुस्तकालयले दिने सामान्य अर्थ (पुस्तक आदि सङ्ग्रह गरिने, र तिनको अध्ययन गर्ने स्थान) भन्दा निकै फराकिलो भूमिका निर्वाह गर्थे, गरिरहेका छन् सार्वजनिक पुस्तकालयहरू । तसर्थ यी पुस्तकालयलाई एक अर्थमा सामाजिक शास्त्री यूर्गेन हाबरमास (सन् १९८९) ले भन्ने गरेको 'पब्लिक स्फेयर' को नेपाली स्वरूप थिए भन्न सकिन्छ जहाँ निश्चित व्यक्तिहरूको सार्वजनिक भेला हुन्थ्यो र ती वैयक्तिकताभन्दा बाहिर निस्केर आफ्नो बुद्धि, विवेकको प्रयोग गर्दै शासनाधिकारीहरूको समीक्षा, आलोचना गर्थे । तर शाह शासन कुनै पनि क्षेत्र आफ्नो कब्जाभन्दा बाहिर भएको देख्न चाहँदैनथ्यो (बर्गार्ट सन् १९९४) । विरोध सुन्न चाहँदैनथ्यो । फरक मत राख्नेलाई ठीक पारिहाल्थ्यो । किनकि फरक मत उसको अस्तित्वलाई चुनौती दिन्थ्यो । र, त्यसै क्रममा यो 'पब्लिक स्फेयर' पनि उसले कब्जा गर्‍यो ।

पञ्चायत व्यवस्थाको अभ्युदय र त्यसपछाडिको दर्शन तथा त्यसका शैक्षिक नीतिहरू केलाउँदा पञ्चायत व्यवस्थामा सार्वजनिक पुस्तकालय कहीँ अटाउने देखिँदैन । यसरी पञ्चायतकालमा सार्वजनिक पुस्तकालयको सङ्ख्यामा उल्लेख्य वृद्धि हुन नसक्नु र भएकामध्ये पनि दुब्लाएर जानुका पछाडि पञ्चायती राजनीतिको ठूलै भूमिका देखिन्छ । पञ्चायतकालीन शिक्षा नीति व्यवस्थालाई आवश्यक जनशक्ति तयार गर्नु र त्यो पनि निश्चित पाठ पढाएर अर्धशिक्षित जन निकाल्नु थियो । उनीहरूको ज्ञानको क्षितिजलाई साँघुर्‍याउनु थियो भन्न सकिन्छ । राजतन्त्र, निर्दलीय व्यवस्था र 'सरकारी' राष्ट्रवादबाहेक अन्य ज्ञानको क्षेत्रमा अन्यको पहुँच पुग्न नदिन तत्कालीन सत्ताले भगीरथ प्रयत्न गरेको थियो । संघसंस्था खोल्नमा प्रतिबन्ध लागेकाले नयाँ पुस्तकालय खोल्नका लागि अनेक झमेला बेहोर्नुपर्ने हुनाले पञ्चायत व्यवस्थासँग

राम्रो तालमेल भएका बाहेक अन्यले हम्मेसी आँट गर्दैनथे । नदुखेको कपाल डोरी लगाएर किन दुखाउने भन्ने मनस्थिति हुनु स्वाभाविक हो । सरकारी सहायता बन्द हुनु, सँधैभरि 'भोलुन्टियरिज्म' चल्न नसक्नु, पहिलेका सञ्चालकहरूको राजनीतिक पृष्ठभूमि हुनु, सार्वजनिक क्षेत्रमा सरकारको चर्को नियन्त्रण हुनु, आदि कारणले पुरानामध्येका पुस्तकालय पनि चल्न सकेनन् । फलतः पञ्चायतकालमा सार्वजनिक पुस्तकालयको क्षेत्र अधोगतितर्फ लाग्यो ।

## निष्कर्ष

नेपाली सार्वजनिक पुस्तकालयहरूको विगत केलाउँदा यिनको जीवन राजनीतिसँग प्रत्यक्ष गाँसिएको देखिन्छ । राणाकाल र पञ्चायतकालमा पुस्तकालयको स्थापना र विस्तारमा अड्चन उत्पन्न भएको पाइन्छ । प्रजातान्त्रिककालमा भने यो क्षेत्र केही मौलाएको देखिन्छ । राणाहरू नागरिकलाई रैती बनाएर राख्न चाहन्थे, भेडाबाखा सरह । तसर्थ उक्त समयावधिमा नागरिकहरूलाई शिक्षा, ज्ञान आर्जन गर्न बन्देज लगाइयो । उनीहरूलाई थाहा थियो, दुनिया शिक्षित भए, जान्ने भए भने आफ्नो खैरियत छैन भन्ने । तसर्थ राणाकालमा शैक्षिक क्षेत्रले प्रगति गरेन, यो बुझ्न सकिने कुरा हो । राणाकाल पछिको जम्माजम्मी एक दशकको खुला वातावरणमा शिक्षा क्षेत्रले प्रगति गऱ्यो, नागरिकहरू स्वयंको सक्रियतामा । विदेशीहरूले पनि सहयोग गरे । यो समयमा बनेका विभिन्न खाले सरकारले शिक्षा क्षेत्रको विकासमा कति तनमन लगाएर कार्य गरे भन्न सकिन्न तर उनीहरू विरोधमा थिएनन्, यो भन्न सकिन्छ ।

राणा शासन र पञ्चायत व्यवस्था या शाह शासन समग्रमा उस्तै देखिन्छ । अघिल्लोमा नाम अगाडि श्री ३ लेख्नेको हित हेरिन्थ्यो, पछिल्लोमा नाम अगाडि श्री ५ लेख्नेको । तथापि दुवैमा केही भेद पक्कै थियो । पहिलोमा हाकाहाकी जे गरिन्थ्यो, पछिल्लोमा सो कृत्य खोल ओढेर गरिन्थ्यो । शैक्षिक क्षेत्रको विस्तार, विकास नारा ज्यादा थियो, यथार्थमा शिक्षितजन तयार गर्ने भन्दा साक्षर उत्पादन गर्ने प्रपञ्च रहेको तर्फ तथ्यहरूले इङ्गित गर्छन् । पञ्चायतकालमा सार्वजनिक संघसंस्था खोल्नमा कडा नियन्त्रण थियो जसले गर्दा नयाँ पुस्तकालय स्थापनामा तगारो सृजना गऱ्यो । फरकखाले राजनीतिक प्रणालीमा विश्वास राख्नेहरूको सार्वजनिक पुस्तकालयमा संलग्नता नै थुप्रै पुस्तकालयको जीवनका लागि अभिशाप सिद्ध भए ।

सार्वजनिक पुस्तकालयहरू, मात्र पुस्तक पढ्ने या पत्रिका पढ्ने ठाउँ थिएनन्, होइनन् । ती आपसी भेटघाट, बहस र छलफल गर्ने चौतारी पनि हुन् । त्यहाँ समाजको, शिक्षाको, राजनीतिको र सुख-दुःखका कुरा गरिन्छन् । ती ज्ञानका मुहान हुन्; 'डिसेन्ट'/'डिसेन्टर' उत्पादन गर्ने क्षेत्र पनि हुन् । यस्ता भेला र छलफलले आपसी सौहार्द्रता पनि बढाउँथ्यो जुन सामाजिक रूपान्तरणका लागि निकै महत्त्वपूर्ण हुन्छ । तर यी क्रियाकलाप तानाशाही सरकारका हितमा हुँदैनथे ।[१८] तसर्थ, यस्ता पुस्तकालय जहानिया राणा एवं शाह शासकका कोपभाजनमा परे । पुस्तकालय तवाहीमा राज्यसत्ता अथवा उसका एजेन्टहरूको भूमिका देखियो ।

---

[१८] त्यसैले राणाहरूले '१२ वर्ष जनहितको कुनै काममा संलग्न हुन नपाइने' आदेश दिन्थे अनि शाहहरूले सार्वजनिक हितको काम सरकारको जिम्माको हो भन्दै 'अरू' लाई अघि सर्नै दिँदैनथे । पञ्चायतकालमा रुखबिरुवा रोप्नेलाई समेत कारवाही गरिएको र रोपिएका बटवृक्ष उखेलिएका थुप्रै उदाहरण पाइन्छन् ।

राज्यको प्रकृतिले सार्वजनिक पुस्तकालयको भविष्य धेरै मात्रामा निर्धारण गरे पनि केही अन्य पक्ष पनि छन् जसलाई नजरअन्दाज गर्न सकिन्न । माथि उल्लेख गरिएका बाहेक सार्वजनिक पुस्तकालयहरूको अवसानमा अर्को महत्त्वपूर्ण पक्ष आर्थिक हो । नयाँ पुस्तक, पत्रिका थप्न र कार्यालय सञ्चालनका लागि चाहिने आर्थिक स्रोतको अभावमा पुस्तकालय सञ्चालन कठिन हुन्छ । सन् ६० अघि सरकारले सार्वजनिक पुस्तकालयहरूलाई थोरै आर्थिक सहयोग दिने गरे पनि सन् ६० पछि भने पुस्तकालयले पाउने सहयोग ठप्पै भयो । पुस्तकालयसँग स्वयंसेवा (भोलुन्टियरिज्म) गाँसिएर आउँछ । धेरै पुस्तकालयमा युवाहरूको उल्लेख्य सहभागिता थियो । यिनीहरू केही समयपछि विभिन्न कारणले निरन्तरता दिन नसक्ने या लाखापाखा लाग्ने र त्यसलाई थेग्न नयाँ पुस्ता अघि नसर्दा पनि पुस्तकालय बन्द भएको पाइन्छ । त्यसो त यी पक्षको पनि प्रत्यक्ष, परोक्ष सम्बन्ध राजनीतिसँगै गाँसिएको छ ।

**धन्यवाद**

यो लेख तयार गर्न घच्घच्याउने र मस्यौदाहरूमा टिप्पणी गर्दै सुधारका लागि अमूल्य सुझाव दिने प्रत्यूष वन्तप्रति आभारी छु । मार्टिन चौतारीमा सार्वजनिक पुस्तकालयको राजनीति विषयक छलफलमा उपस्थित हुने, भाग लिने सबैलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै, लेखको मस्यौदामा टिप्पणी गर्ने पूर्ण बस्नेत, शेखर पराजुलीलाई पनि धन्यवाद । लेखमा रहेका कमी कमजोरीको जिम्मेवारी भने मेरो मात्रै हो ।

## सन्दर्भ सामग्री

अधिकारी, पूर्णप्रसाद । २०५५ । पुस्तकालयको महत्त्व र चितवनका पुस्तकालयको सन्दर्भ । *हाम्रो पुरुषार्थ* २६(१): ११०-१७ ।

उपाध्याय, लक्ष्मण । २०५५ । सर्लाहीको पहिलो पुस्तकालयः आरम्भ र अन्त । *हाम्रो पुरुषार्थ* २६(१): ९७-१०० ।

क्षेत्री, सूर्य । २०५९क । नेपालको पहिलो पुस्तकालयः पण्डित पुस्तकालय । *नव पोखरा टाइम्स* १(५): ३-६ ।

क्षेत्री, सूर्य । २०५९ख । वि.सं १९८६ को पुस्तकालय पर्व । *जनप्राज्ञमञ्च* ३(१): १००-१०९ ।

क्षेत्री, सूर्य । २०६२ । नेपालमा सार्वजनिक पुस्तकालयको अवस्था र यसको आवश्यकता । *जनप्राज्ञमञ्च* ६: २०१-२१५ ।

खड्का, हिक्मत । २०५७ । धरानका पुस्तकालयहरू । *धरान दर्पण* ५(१): ५६-५८ ।

ज्ञवाली, शुकदेव । २०५५ । राष्ट्रिय अभिलेखालयः एक जानकारी । *हाम्रो पुरुषार्थ* २६(१): ८८-९४ ।

देवकोटा, ग्रीष्मबहादुर । २०५९ । *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास* । तेस्रो संस्करण । काठमाडौँ: साझा प्रकाशन ।

निराकार, बनमाली । २०५५ । धवल पुस्तकालयः अतीतदेखि वर्तमानसम्म । *हाम्रो पुरुषार्थ* २६(१): १४०-१४३ ।

पण्डित, शेषकान्त । २०६२ । पुस्तकालय कानून नहुँदा पुस्तक पाउन गाह्रो । *गोरखापत्र,* १० पुस, पृ. १ ।

पन्थी, शशी । २०५५ । सार्वजनिक पुस्तकालयको विकास आजको आवश्यकता । *हाम्रो पुरुषार्थ* २६(१): ११८-१२० ।

पराजुली, कृष्णप्रसाद । २०५५ । प्रसङ्ग पुस्तकालयको, सम्झना आफ्नै । *हाम्रो पुरुषार्थ* २६(१): २१-२९ ।

पाण्डे, रुद्रराज, केशरबहादुर केसी र ह्युग बी उड, सं. सन् १९५६ । *नेपालमा शिक्षा: नेपाल राष्ट्रिय शिक्षा आयोगको विवरण* । काठमाडौँ: कलेज अफ एजुकेशन ।
पोखरेल, मुरारि विनोद । २०३८ । समाजमा जन पुस्तकालयको स्थान र नेपालमा यसको स्थिति । *पुस्तकालय आवाज* १(१): ८-११ ।
पौडेल, भूपहरि । २०५५ । नेपालका प्रमुख पुस्तकालयहरूको सङ्क्षिप्त रेखाङ्कन । *हाम्रो पुरुषार्थ* २६(१): ३१-३९ ।
बस्याल, कृष्णप्रसाद । २०५५ । जुम्लामा पुस्तकालय: हिजो र आज । *हाम्रो पुरुषार्थ* २६(१): ४०-४६ ।
भट्टराई, अमोद । २०५१ । नेपाल राष्ट्रिय पुस्तकालय २००९ बारे खोजिपस्दा । *खोज र टिप्पणी* । पृ. १०-२३ । काठमाडौँ: अदेभको व्यक्तिगत लाइब्रेरी ।
मकालु बुक्स । २०६२ । *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू* । दोस्रो संस्करण । काठमाडौँ: मकालु बुक्स एण्ड स्टेशनर्स ।
माइकसेल, स्टेफन । २०६१ (सन् २००४) । प्रजातन्त्र । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशेन र प्रत्यूष वन्त, सं, पृ. १-४१ । काठमाडौँ: सोसल साइन्स बहा: ।
रेग्मी, शिव । २०५५ । नेपालमा सार्वजनिक पुस्तकालय । *हाम्रो पुरुषार्थ* २६(१): ५९-६९ ।
रेग्मी, सनत । २०५५ । महेन्द्र पुस्तकालय (पूर्व नाम: प्रेम पुस्तकालय) । *हाम्रो पुरुषार्थ* २६(१): १३०-१३६ ।
शर्मा, गोपीनाथ । २०६२ । *नेपालमा शिक्षाको इतिहास (भाग १)* । तेस्रो संस्करण । काठमाडौँ: मकालु बुक्स एण्ड स्टेशनर्स ।
श्री ५ को सरकार । २०१८ । *सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट* । काठमाडौँ: श्री ५ को सरकार, शिक्षा मन्त्रालय ।
श्रेष्ठ, भोला । २०३८ । नेपालमा पुस्तकालय आन्दोलन । *पुस्तकालय आवाज* १(१): ४-७, ११ ।
सरुभक्त, सं. । २०५२ । *सिद्धिचरणका जेल संस्मरण* । काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

Amatya, Purna Prasad. 1957. Library Services in Nepal. *Education Quarterly* 2(4): 178-182.
Anderson, Benedict R. 1991. *Imagined Communities: Reflections on the Origin and Spread of Nationalism*. 2nd edn. London, New York: Verso.
Borgstrom, Bengt-Erik. 1980. The Best of Two Worlds: Rhetoric of Autocracy and Democracy in Nepal. *Contributions to Indian Sociology* (NS) 14(1): 35-50.
Burghart, Richard. 1984. The Formation of the Concept of Nation-State in Nepal. *Journal of Asian Studies* 44(1):101-25.
Burghart, Richard. 1994. The Political Culture of Panchayat Democracy. In *Nepal in Nineties.* Michael Hutt, ed., pp. 1-13. Delhi: Oxford University Press.
Chalmers, Rhoderick. 2003. 'We Nepalis': Language, Literature and the Formation of Nepali Public Sphere in India, 1914-1940. PhD thesis. School of Oriental and African Studies, University of London.
Dart, Francis E. 1963. The Rub of Cultures. *Foreign Affairs* 41(2): 360-371.
Habermas, Jurgen. 1989. *The Structural Transformation of the Public Sphere*. Trans. by T Burger and F Lawrence. Cambridge: MIT Press.
Hachhethu, Krishna. 2002. *Party Building in Nepal: Organisation, Leadership and People.* Kathmandu: Mandala Book Point.

Hoftun, Martin, William Raeper and John Whelpton. 1999. *People, Politics and Ideology: Democracy and Social Change in Nepal.* Kathmandu: Mandala Book Point.

Joshi, Bhuwan Lal and Leo E. Rose. 2004 (1966). *Democratic Innovations in Nepal: A Case Study of Political Acculturation*. Kathmandu: Mandala Book Point.

Malla, Kamal P. 1979. *The Road to Nowhere.* Kathmandu: Sajha Prakashan.

NLA. 1997. Status of Libraries, Documentation and Information Centres and Library and Information Personnel in Nepal: A Survey Report. Kathmandu: Nepal Library Association and UNESCO.

Onta, Pratyoush. 1996. Ambivalence Denied: The Making of *Rastriya Itihas* in Panchayat Era Textbooks. *Contributions to Nepalese Studies* 23(1): 213-254.

Panday, Devendra Raj. 1999. *Nepal's Failed Development: Reflections on the Mission and the Maladies*. Kathmandu: Nepal South Asia Centre.

Ragsdale, Tod A. 1989. *Once a Hermit Kingdom: Ethnicity, Education and National Integration in Nepal.* New Delhi: Manohar.

Reed, Horace B and Mary Jane Reed. 1968. *Nepal in Transition: Educational Innovation*. Pittsburgh: University of Pittsburgh Press.

Regmi, Mahesh Chandra. 1976. *Landownership in Nepal.* Berkeley: University of California Press.

Regmi, Mahesh Chandra. 1978. *Thatched Huts and Stucco Palaces: People and Landlords in 19th Century Nepal.* New Delhi: Vikas.

Shera, Jesse H. 1965. *Foundations of the Public Library: The Origins of the Public Library Movement in New England, 1629-1855.* Hamden, Conn.: Shoe String Press.

Vir, Dharam. 1988. *Education and Polity in Nepal: An Asian Experiment*. New Delhi: Northern Book Centre.

Wood, Hugh B. 1965. *The Development of Education in Nepal*. Washington: US Department of Health, Education and Welfare, Office of Education.